बि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २९५ | २०८२ चैत्र ०३ गते मंगलबार, नेपाल सम्वत् ११४६ March 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## झोर्ले

नेपाल आदिवासी जनजाति महासंघ समन्वय परिषद शुक्लागण्डकीले वेलचौतारामा सोमबारदेखि आयोजना गरेको रैथाने खाना महोत्सवमा जातीय पहिचान झल्कने भेषभूषमा सजिएर सहभागि भएका मगर समुदायका युवतीहरू । महोत्सवमा आदिवासी जनजाति समुदाय तथा स्थानीय रैथाने खानाका परिकारहरू राखिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# नेपालकै पहिलो होमस्टे सर्किटतर्फ बन्दीपुरको नयाँ पहल

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

सांस्कृतिक सम्पदा, स्थानीय जीवनशैली र प्राकृतिक वातावरणसँग प्रत्यक्ष रूपमा जोडिने पर्यटन अभ्यासका रूपमा होमस्टे (घरबास) पछिल्ला वर्षहरूमा नेपालमा निकै लोकप्रिय बन्दै गएका छन् । स्थानीय समुदायले आफ्नै घरमा पर्यटकलाई आतिथ्य प्रदान गर्ने यस प्रणालीले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिनुका साथै स्थानीय अर्थतन्त्रलाई समेत मजबुत बनाउने काम गर्छ। 'होमस्टे' शब्दलाई नेपालीमा सामान्यतः 'घरबास' भनिए पनि यसको सार भने पारिवारिक वातावरणमा बसोबास गर्दै स्थानीय संस्कार, संस्कृति र जीवनपद्धतासँग नजिकबाट परिचित गराउनु हो ।

नेपालका धेरै पुराना गाउँवस्ती, सहर तथा व्यापारिक अड्डाहरु समयक्रममा विभिन्न कारणले उजाड वा खण्डहर बन्न पुगेका उदाहरण प्रशस्तै भेटिन्छन्। तर यस्ता ठाउँहरु पुनः जीवन्त भएर पर्यटकीय केन्द्रका रूपमा स्थापित भएका उदाहरण भने निकै कम छन्। यस्तै दुर्लभ उदाहरणमध्ये एक हो तनहुँ जिल्लाको बन्दीपुर। एक समय व्यापारिक केन्द्रका रूपमा परिचित बन्दीपुर समयसँगै आफ्नो पुरानो स्वरूप गुमाउँदै गएको थियो। तर पछिल्ला वर्षहरूमा संरक्षण, पुनःसंरचना र पर्यटन प्रवर्द्धनका प्रयासका कारण बन्दीपुर पुनः जीवन्त बन्दै गएको छ ।

आज बन्दीपुरलाई 'पहाडकी रानी' भनेर चिनिन्छ । यहाँका परम्परागत नेवारी घरहरु, ढुंगे सडक, सांस्कृतिक मौलिकता, हिमालका मनोरम दृश्य र शान्त वातावरणले बन्दीपुरलाई एक खुला जीवित सांस्कृतिक संग्रहालयको रूपमा स्थापित गराएको छ । यही विशेषताका कारण बन्दीपुरले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय स्तरसम्म आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ। भीडभाड र कोलाहलबाट टाढा रहेर प्रकृतिसँग रमाउन चाहने, शान्त र आरामदायी समय खोज्ने पर्यटकहरूका लागि बन्दीपुर अहिले आकर्षक गन्तव्य बनेको छ।



बन्दीपुरले हालै सम्पन्न 'बन्दीपुर भ्रमण वर्ष २०२५' सफलतापूर्वक सम्पन्न गरेपछि पर्यटन प्रवर्द्धनलाई अझ सशक्त बनाउन नयाँ पहलहरू अघि सारेको छ। त्यसैअनुसार सन् २०२६ लाई 'ग्रामीण पर्यटन भ्रमण वर्ष' का रूपमा मनाउने घोषणा गरिएको छ। नेपालको पर्यटन नीति २०८२ ले अघि सारेको "अद्वितीय पर्यटकीय गन्तव्य नेपाल" भन्ने मूल अवधारणालाई आत्मसात गर्दै भौगोलिक, प्राकृतिक, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग गरी नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास, विस्तार र विविधीकरण गर्ने लक्ष्य लिइएको छ।

यसै उद्देश्यलाई मूर्त रूप दिन बन्दीपुरले एक महत्त्वाकांक्षी योजना अघि सारेको छ– बन्दीपुर-केशवटार होमस्टे सर्किट। सम्भवतः नेपालकै पहिलो होमस्टे सर्किटका रूपमा विकास हुन लागेको यस योजनाले ग्रामीण पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ।

करिब ७५ किलोमिटर चक्रीय दूरीमा फैलिएको यस सर्किटले १४ वटा होमस्टे र २० वटा गाउँलाई समेट्नेछ। यस सर्किटमा मुख्यतः गुरूङ, मगर र नेवार समुदायका साथै क्षेत्री, ब्राह्मण र दलित समुदायले सञ्चालन गरेका होमस्टेहरू समावेश हुनेछन्। यसले पर्यटकलाई एउटै स्थानमा मात्र सीमित नभई विभिन्न गाउँमा पुगेर फरक-फरक संस्कार, संस्कृति, खानपान र जीवनशैलीको अनुभव गर्ने अवसर प्रदान गर्नेछ।

बन्दीपुर गाउँपालिकाका अधिकांश वडाका साथै व्यास नगरपालिकाको वडा नम्बर १४ समेत समेटिने यस सर्किटले होमस्टे सशक्तीकरणसँगै पर्यटन गतिविधिमार्फत ग्रामीण समुदायको सुख, शान्ति र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। स्थानीय उत्पादन, परम्परागत परिकार, सांस्कृतिक कार्यक्रम र ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोडेर स्थानीय समुदायको आयआर्जन बढाउने योजना पनि यस सर्किटको मुख्य उद्देश्य हो।

यस योजनालाई व्यवस्थित र योजनाबद्ध रूपमा अघि बढाउने उद्देश्यले आइतबार बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाको अध्यक्षतामा पहिलो छलफल कार्यक्रम सम्पन्न भएको छ। उक्त छलफलमा पर्यटन तथा संस्कृतिविद्, पर्यटन व्यवसायी,

बाँकी तेश्रो पेजमा

# आगलागी पीडितलाई राहत उपलब्ध गराउन माग

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दुई छुट्टाछुट्टै आगलागी घटनाबाट पीडित व्यवसायीलाई तत्काल राहत उपलब्ध गराउन तनहुँ उद्योग वाणिज्य संघले सरकार तथा सम्बन्धित निकायसँग आग्रह गरेको छ। गत फागुन २८ गते राति व्यास नगरपालिका-५ मानुङकोटस्थित पूर्णबहादुर



श्रेष्ठद्वारा सञ्चालित होटल मानुङकोट एण्ड रिसोर्टमा विद्युत् सर्ट भई आगलागी हुँदा ठूलो भौतिक तथा आर्थिक क्षति पुगेको बताइएको छ ।

यस्तै सोमबार बिहान व्यास नगरपालिका-२ स्थित दमौली मिनी मार्केटमा भएको आगलागीमा भरत पराजुलीद्वारा सञ्चालित 'अभिरा क्लोथेज होम' र लालबाबु अन्सारीद्वारा सञ्चालित 'सिस्ता टेलर्स' पूर्ण रूपमा जलेर नष्ट भएका छन्।

तनहुँ उद्योग वाणिज्य संघ तथा दमौली बजार इकाई समितिले पीडित व्यवसायीहरू पूर्णबहादुर श्रेष्ठ, भरत पराजुली र लालबाबु अन्सारी प्रति गहिरो सहानुभूति व्यक्त गर्दै क्षतिको यथार्थ मूल्याङ्कन गरी शीघ्र राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार, स्थानीय प्रशासन र सम्बन्धित निकायलाई आग्रह गरेको छ।

संघका अध्यक्ष इमकुमार मल्ल, महासचिव सुरेश पुरी, दमौली बजार इकाई सभापति शेषराज श्रेष्ठ र सचिव सुनिता चन्दले संयुक्त रूपमा जारी विज्ञप्तीमा विपद्को यस कठिन घडीमा पीडित व्यवसायीलाई पुनः व्यवसाय सञ्चालन गर्न सहयोग पुऱ्याउन सबै सरोकारवाला पक्षलाई रचनात्मक भूमिका खेल्न अपिल पनि गरिएको छ । आगलागी नियन्त्रणमा खटिएका सुरक्षा निकाय, स्थानीय प्रशासन तथा सहयोग गर्ने स्थानीयवासीप्रति संघले आभार व्यक्त गरेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ग्रामीण पर्यटनको नयाँ आयाम : बन्दीपुरको होमस्टे सर्किट

नेपालको पर्यटन उद्योग लामो समयसम्म हिमाल, पदयात्रा र धार्मिक गन्तव्यहरूमा केन्द्रित रहँदै आएको छ। तर पछिल्ला वर्षहरूमा पर्यटनको स्वरूप विस्तार हुँदै ग्रामीण जीवन, स्थानीय संस्कृति र समुदायको सहभागितामा आधारित नयाँ अवधारणाहरु अगाडि आउन थालेका छन्। तीमध्ये 'होमस्टे' अर्थात् घरबास प्रणाली विशेष रूपमा प्रभावकारी र लोकप्रिय बन्दै गएको छ। पर्यटकलाई स्थानीय समुदायको घरमै बस्ने अवसर प्रदान गर्दै उनीहरूलाई गाउँको वास्तविक जीवनशैलीसँग परिचित गराउने यो अभ्यासले पर्यटनलाई मात्र होइन, ग्रामीण अर्थतन्त्रलाई पनि सुदृढ बनाउने क्षमता राख्छ। नेपालका विभिन्न भागमा होमस्टे सञ्चालन भइरहेका भए पनि यसलाई व्यवस्थित ढंगले एकीकृत पर्यटन संरचनाका रूपमा विकास गर्ने प्रयास अझै सीमित छन् । यही सन्दर्भमा तनहुँको बन्दीपुरले अघि सारेको 'बन्दीपुर-केशवटार होमस्टे सर्किट'को अवधारणा विशेष महत्वको पहलका रूपमा देखिएको छ । सम्भवतः नेपालमै पहिलो पटक होमस्टेहरूलाई चक्रीय पर्यटन मार्गमा जोडेर सर्किटका रूपमा विकास गर्ने यो योजना ग्रामीण पर्यटन प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण कदम बन्न सक्छ ।

बन्दीपुर आफैंमा नेपालको एक सफल पर्यटन पुनर्जागरणको उदाहरण हो। एक समय व्यापारिक केन्द्रका रूपमा परिचित यो ऐतिहासिक बस्ती सडक सञ्जालको विकाससँगै क्रमशः ओझेलमा पर्दै गएको थियो। पुराना घरहरु जीर्ण बन्न थाले, व्यापारिक गतिविधि घट्दै गए र बन्दीपुरको पुरानो रौनक हराउँदै गएको देखिन्थ्यो। तर स्थानीय समुदाय, संरक्षणकर्मी र पर्यटन क्षेत्रका सरोकारवालाहरूको प्रयासले बन्दीपुर पुनः जीवन्त बन्न सफल भयो। आज बन्दीपुरलाई 'पहाडकी रानी' भनेर चिनिन्छ र यसको परम्परागत नेवारी वास्तुकला, ढुंगे गल्ली, सांस्कृतिक मौलिकता तथा हिमाली दृश्यावलोकनले यसलाई एक खुला सांस्कृतिक संग्रहालयकै रूपमा स्थापित गराएको छ । यस सफलताले बन्दीपुरलाई पर्यटन क्षेत्रमा नयाँ प्रयोग गर्ने आत्मविश्वास पनि दिएको छ। 'बन्दीपुर भ्रमण वर्ष २०२५' सफलतापूर्वक सम्पन्न गरेपछि अब सन् २०२६ लाई 'ग्रामीण पर्यटन भ्रमण वर्ष' का रूपमा मनाउने घोषणा गर्नु त्यसैको निरन्तरता हो। पर्यटन नीति २०८२ ले अघि सारेको "अद्वितीय पर्यटकीय गन्तव्य नेपाल"को अवधारणालाई व्यवहारमा उतार्ने दिशामा पनि यस्तो पहललाई सकारात्मक रूपमा लिन सकिन्छ। नेपालका विभिन्न भौगोलिक तथा सांस्कृतिक विविधताहरूलाई पर्यटनसँग जोड्ने प्रयासले दीर्घकालीन रूपमा पर्यटन क्षेत्रलाई थप दिगो र समावेशी बनाउन मद्दत पुऱ्याउँछ।

बन्दीपुर-केशवटार होमस्टे सर्किट करिब ७५ किलोमिटरको चक्रीय दूरीमा फैलिएको योजना हो, जसले १४ वटा होमस्टे र २० वटा गाउँलाई जोड्ने लक्ष्य राखेको छ। गुरूङ, मगर, नेवार लगायतका विभिन्न समुदायका साथै क्षेत्री, ब्राह्मण र दलित समुदायबाट सञ्चालन हुने होमस्टेहरु यस सर्किटमा समेटिने छन्। यसको अर्थ पर्यटकले एउटै स्थानमा सीमित नभई विभिन्न गाउँमा पुगेर फरक-फरक संस्कार, संस्कृति, खानपान र जीवनशैलीको अनुभव लिन सक्नेछन्। यही बहुसांस्कृतिक अनुभव नै ग्रामीण पर्यटनको सबैभन्दा ठूलो आकर्षण हो । यस सर्किटले बन्दीपुर गाउँपालिकाका अधिकांश वडाका साथै व्यास नगरपालिकाको वडा नम्बर १४ सम्म फैलिने गरी ग्रामीण पर्यटनलाई विस्तार गर्ने लक्ष्य राखेको छ। यसले स्थानीय उत्पादनको प्रयोग बढाउने, परम्परागत परिकारलाई प्रवर्द्धन गर्ने र सांस्कृतिक कार्यक्रमहरूलाई पर्यटनसँग जोड्ने सम्भावना सिर्जना गर्दछ। ग्रामीण क्षेत्रमा आयआर्जनका नयाँ अवसर सिर्जना गर्नुका साथै युवाहरूलाई आफ्नै गाउँमा रोजगारीको सम्भावना प्रदान गर्नु पनि यस्तो योजनाको महत्वपूर्ण पक्ष हो। पर्यटन विकास केवल भौतिक पूर्वाधार निर्माणको विषय मात्र होइन, समुदायको सक्रिय सहभागिता र व्यवस्थापन क्षमतासँग पनि जोडिएको हुन्छ। त्यसैले होमस्टे सर्किटलाई सफल बनाउन स्थानीय समुदायको तयारी, सेवा-स्तर, सरसफाइ, आतिथ्य संस्कार र सांस्कृतिक संरक्षणजस्ता पक्षमा पनि विशेष ध्यान दिन आवश्यक छ। यदि यी पक्षहरूलाई सन्तुलित रूपमा अघि बढाउन सकियो भने मात्र सर्किटको अवधारणा दीर्घकालीन रूपमा सफल हुन सक्छ ।

यस योजनालाई व्यवस्थित रूपमा अघि बढाउन प्रारम्भिक छलफल र अध्ययन प्रक्रिया सुरू गरिएको छ। पर्यटनविद्, प्राविधिक टोली र स्थानीय नेतृत्वको सहभागितामा हुने अध्ययन तथा प्रचारप्रसार कार्यक्रमहरूले यस अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ। आगामी दिनमा आयोजना हुने 'गाउँ पर्यटन मार्ट' जस्ता कार्यक्रमहरूले पनि यस सर्किटलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा परिचित गराउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । बन्दीपुरले गाउँ-गाउँसम्म पर्यटन पहुँच विस्तार गर्ने उद्देश्यले सफारी जीप सेवा सञ्चालनमा ल्याएको पहल पनि सकारात्मक कदम हो। ग्रामीण क्षेत्रका विभिन्न गन्तव्यहरूलाई सहज रूपमा जोड्न सकियो भने मात्र पर्यटकलाई सर्किट अवधारणा व्यवहारिक र आकर्षक लाग्न सक्छ। पर्यटन पूर्वाधार, यातायात, सूचना प्रवाह र प्रचारप्रसारका पक्षलाई सँगसँगै अघि बढाउनु आवश्यक देखिन्छ । समग्रमा बन्दीपुरले अघि सारेको होमस्टे सर्किट केवल पर्यटन विस्तारको योजना मात्र होइन, ग्रामीण जीवन, संस्कृति र अर्थतन्त्रलाई जोड्ने दीर्घकालीन विकास अवधारणा पनि हो। स्थानीय समुदाय, सरकार र निजी क्षेत्रबीच सहकार्य कायम राख्न सकिएमा यो पहलले तनहुँ मात्र होइन, समग्र गण्डकी प्रदेशकै ग्रामीण पर्यटन विकासमा नयाँ सम्भावनाको ढोका खोल्न सक्छ । यदि यस्तो मोडेल सफल भयो भने नेपालको अन्य ग्रामीण क्षेत्रमा पनि यसलाई उदाहरणका रूपमा अपनाउन सकिनेछ। त्यसैले बन्दीपुरको यो पहललाई केवल स्थानीय कार्यक्रमका रूपमा होइन, नेपालको दिगो र समुदायमुखी पर्यटन विकासतर्फको महत्वपूर्ण प्रयोगका रूपमा हेर्नु आवश्यक छ ।

# विचारहीनताको बाटो हिंडेको कम्युनिस्ट आन्दोलनको पुनर्गठनको मार्गचित्र

♦ डा. आरसी लामिछाने

एउटा समय थियो, नेपाली जनताको छातीमा वामपन्थी विचार मुटुको धड्कन जस्तै थियो। पुष्पलालले कलकत्तामा साम्यवादको जग बसाल्दा त्यो विचार मात्र थिएन, त्यो एउटा मुक्तिको आन्दोलन थियो। तीसको दशकको अन्त्यदेखि नै म र मजस्ता लाखौंको बालमस्तिष्कमा कम्युनिस्टको गहिरो छाप गडेको थियो ।

पटक-पटक कम्युनिस्ट नेताहरूले कम्युनिस्ट आन्दोलन र सर्वहारा, श्रमिक, शोषित-पीडित र राष्ट्रिय पुँजीपति वर्गको विरूद्ध श्रृंखलाबद्ध गरेका हजारौं कुकृत्यहरूका बाबजुद पनि कम्युनिस्टहरु नै यो समाजको रूपान्तरणका संवाहक हुन् जस्तो लाग्दथ्यो। २०१५ सालको आम निर्वाचनदेखि लिएर २०७४ सालको ऐतिहासिक जनादेशसम्म, नेपाली जनताले कम्युनिस्ट पार्टीहरूलाई पटक-पटक शासन सत्ता सम्हाल्ने अवसर दिए। तर जतिसुकै राम्रो खास्टोले बिरालोलाई छोपे पनि बिरालो म्याउँ गर्दछ भनेझैं बारम्बार अवसर पाउँदा पनि त्यो सिङ्गो शक्ति केही तस्कर, भ्रष्टाचारी र गुटका आसेपासेलाई मात्रै संरक्षण गर्ने अति असक्षम, अयोग्य, अहंकारी, आडम्बरी र गैरजिम्मेवार नेतृत्वको कारण देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि २०८२ को मध्यावधि निर्वाचनमा जनताले वामपन्थी आन्दोलनलाई ऐतिहासिक रूपमा बहिष्कार गर्दै नवोदित नवउदारवादी प्रजातान्त्रिक (सैद्धान्तिक धार प्रस्ट हुन बाँकी रहेको) शक्तिलाई सत्तामा पुऱ्याएका छन् ।

कम्युनिस्ट चेत गुमाइसकेका र कम्युनिस्टको नाममा देश र जनतालाई अनवरत लुटिरहेका कलद्रित, असक्षम र पदलोलुप कायर कम्युनिस्ट नेतृत्व र यसका आसेपासेहरु यसलाई लोकप्रियतावाद र विदेशीको चलखेलको नाममा आफ्ना काला कर्तुत र असक्षमता ढाक्न प्रयास गर्दैछन् तर यिनीहरूले जति नाटक रचे पनि कथित अनुभवी भनिएका कम्युनिस्ट नेताहरूको नक्कली चरित्र निश्चित रूपमा उदाङ्गिनेछ र इमानदार नेताको नेतृत्वमा फेरि कम्युनिस्ट आन्दोलन सङ्गठित हुन सक्ने सम्भावना उजागर हुनेछ । नेपालमा फेरि पनि कम्युनिस्टहरु किन फस्टाउनेछन् भने नेपालको विविधता, गरिबी, र सामाजिक न्यायको लागि समाजवादी आर्थिक विकासको मोडल नै यो देशको सामाजिक न्याय प्रवर्द्धन गर्ने अचुक मन्त्र हो ।

स्मरण रहोस्– हालको यो परिवर्तन आकस्मिक थिएन, यो वर्षौंको वैचारिक भ्रष्टाचार, नेतृत्वको पतन र क्रान्तिकारी कार्यक्रमको शून्यताको परिणाम हो। यद्यपि, यो पराजय वामपन्थी विचारको मृत्युको बदला वामपन्थी पुनर्जन्मको अवसर पनि हुन सक्दछ। तर त्यसका लागि वामपन्थी भनिने पार्टीहरूमा बचेखुचेका क्रान्तिकारी कार्यकर्ताहरूले वर्तमान नेतृत्वको चिरफार गर्नैपर्दछ र नयाँ नेतृत्व विकास गर्नैपर्दछ।

**विचारको मृत्युः पहिलो महाअपराध**

नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठूलो पतनको कारण भनेको नै वैचारिक स्पष्टताको पूर्ण विलय हुनु हो। संसारभरि कम्युनिस्ट विचार संकटमा परेको बेलामा मदन भण्डारीले जनताको बहुदलीय जनवादको विचार प्रतिपादन गरेर कम्युनिस्ट आन्दोलनलाई गति दिनुभएको थियो भने माओवादी खेमाका प्रचण्ड तथा मोहन वैद्यहरूले २१औं शताब्दीको जनवादको कुरा गरेर क्रान्तिको लागि ऊर्जा संकलन गर्दै जनयुद्धसमेत गर्नुभयो तर विडम्बना सरकारमा पुगेपछि यी सबै सिद्धान्तहरु सत्ता प्राप्ति, तस्कर र भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने गठबन्धनको राजनीतिमा विलय भए।

जब कम्युनिस्ट पार्टीको प्राथमिकता किसान र मजदुरको मुक्तिभन्दा पनि बेलायत र अमेरिकासँगको सम्बन्ध सुमधुर बनाउनमा केन्द्रित हुन थाल्यो, एमसीसी, एसपीपी, महाकाली सन्धि जस्ता कुराहरूमा ध्यान जान थाल्यो, गैससका मार्गचित्रमा पार्टीका नीतिहरु महाधिवेशनबाट पारित हुन थाले, जब पार्टीको आधिकारिक अङ्गले मार्क्सवादभन्दा पनि ग्लोबलाइजेसनको प्रशंसा गर्न थाल्यो, त्यहीँबाट वामपन्थी आन्दोलनले आफ्नो आत्मा गुमायो। कस्तो विडम्बना भने जनताको बहुदलीय जनवादको आवरणमा बनेको दुईतिहाइको शक्तिशाली सरकार नवउदारवादको प्रवक्ता बनेर एमसीसी जस्तो राष्ट्रघाती परियोजना संसद्बाट पारित गराउनुपर्दछ भन्दै वकालत गर्न थाल्यो । केपी ओली नेतृत्वको एमाले होस् वा प्रचण्ड नेतृत्वको माओवादी विचारविहीन भिडमा रूपान्तरण भयो। संघ, प्रदेश र स्थानीय सरकारमा बलियो उपस्थिति हुँदाहुँदै पनि कुनै पनि तहका सरकारहरूका नीति, कार्यक्रम र व्यवहारमा जनताको बहुदलीय जनवाद वा एक्काइसौं शताब्दीको जनवादको गन्धसमेत आएन ।

यस्ता विचारविहीन पार्टीहरूको नेतृत्वमा भएका सरकारहरूले सिङ्गो देशलाई निराश बनाए । विचारहीन वामपन्थ भनेको त केवल एउटा चुनावी लेबल मात्र हो, जसले जनतालाई केही दिन सक्दैन र नेपालमा पनि त्यस्तै भयो । २०७४ पछिको दुईतिहाइ बहुमतको सरकारले न त भूमिसुधार लागु गर्न सक्यो, न राष्ट्रिय पुँजीको निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याउन सक्यो न त शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न नै सक्यो। उल्टै शक्तिशाली प्रधानमन्त्री एकदम महँगा निजी अस्पतालहरु र निजी कलेजहरु उद्घाटन गर्दै हिँड्न थाले । सर्वहारा वर्ग र गरिबहरूलाई यति उपहास गरे कि देशमा लाखौं बालबालिकाहरु अध्ययन गर्ने सरकारी विद्यालय र कलेजहरूमा न्यूनतम सुविधाहरु छैनन् तर कम्युनिस्ट सरकार अर्बौंको जलहरी बनाएर क्रान्तिकारी छवि भएको दाबी गर्दछ त्यो भन्दा दक्षिणपन्थी विचार के हुन सक्दछ? मौका पाउँदा सबै कम्युनिस्ट सरकारहरु नै अन्तर्राष्ट्रिय पुँजीवादी एजेन्डा बेच्ने ठेकेदार बने। नेपाललाई निर्वाध विदेशी उत्पादनको बजार र नेपालीहरूलाई उपभोक्ता बनाउने होडमा सरकार सञ्चालन गरे ।

बिचरा कम्युनिस्ट सरकारहरु ! केही वितरणमुखी काम गरेर आफू निकै विकासप्रेमी भएको भ्रम छर्न प्रयास त गरे तर चेतनशील जनताहरूले तिनको दाबीलाई खारेज गरिदिए। आफूलाई कथित राष्ट्रवादी हौं भने तर दैनिक हजारौं युवाहरूले सामान्य रोजगारीको लागि देश छोड्नुपर्ने बाध्यतालाई रहरले विदेश गएका भन्ने भद्दा मजाक गरिरहे । उनीहरूले नेपाली समाज र युवाहरूमाथि घृणित तरिकाले मजाक गर्दा पनि त्यो वर्गले हामीलाई नै भोट हाल्दछ भन्ने दिवास्वप्न भने देखिनै रहे ।

**नेतृत्वको दक्षिणपन्थीकरणः दोस्रो महाअपराध**

नेपाली कम्युनिस्ट आन्दोलनको अर्को गम्भीर रोग भनेको नेतृत्वको चरम दक्षिणपन्थी प्रवृत्ति हो। अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्व फेजआउट र आउटडेटेड भइसक्यो। यिनै नेताहरूको यस्तै नेतृत्व क्षमता र नेतृत्व शैलीले आगामी दिनमा कम्युनिस्ट पार्टी चलाउन सक्दैनन्। अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्वले जबजब सत्ता प्राप्त गरे तब उनीहरूको प्रतिस्पर्धा नै को बढी दक्षिणपन्थी र नवउदारवादी बन्ने भन्नेमा थियो । सत्ता बाहिर बस्दा नागरिक विधेयक राष्ट्रविरोधी देख्दछन् सत्तामा पुगेपछि अध्यादेश ल्याएर पारित गर्दछन् । सत्ता बाहिर हुँदा कांग्रेसले देशको कलकारखाना बेच्यो भन्दछन् सत्तामा पुगेपछि निजीकरण गर्ने प्रस्ताव पारित गर्दछन् र बन्द भएका कुनै पनि कलकारखाना चलाउन पहल गर्दैनन् ।

दुनियाँमा कम्युनिस्टहरु सत्तामा पुग्दा कत्रो क्षति भएको छ तर नेपालमा जनताको मतद्वारा सर्वाधिक शक्तिशाली पार्टी बन्दा पनि नेतृत्वको पदको लोभ र अहंकारले गर्दा कम्युनिस्ट आन्दोलन नै क्षतविक्षत भयो । हजारौंको कोख रित्तिएर, सिउँदो उजाडिएर, घरबारविहीन भएर, जवानीको कुर्बानी दिएर उठेको आन्दोलनलाई सीमित व्यक्तिको अहंकार र पदलोलुपताले तहसनहस बनायो। यसरी कम्युनिस्ट आन्दोलनप्रति गद्दारी गर्नेहरूलाई स्वयम् कम्युनिस्ट कार्यकर्ताहरु र समर्थकहरूले




बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
मनमा उत्साह जाग्नेछ। नयाँ योजना बनाउने अवसर मिल्नेछ। प्रेम सम्बन्धमा सुधार आउनेछ।

**वृष**
साझेदारीको काममा लाभ मिल्नेछ। साथीभाइसँग मेलमिलाप हुनेछ। मनग्य आम्दानी हुने सम्भावना छ।

**मिथुन**
घरायसी समस्याको समाधान निकालिनेछ। यात्रा रमाइलो र फलदायी हुनेछ। परिवारमा खुशीयाली हुनेछ ।

**कर्कट**
पठनपाठनमा सफलता मिल्नेछ। पारिवारिक सहयोग पाइनेछ। प्रेमप्रसङ्गमा प्रगति हुनेछ।

**सिंह**
सावधानीपूर्वक निर्णय लिनु पर्ने दिन हो। सम्पत्ति वा धनसम्बन्धी विवाद उठ्न सक्छ। आत्मबल बढ्नेछ।

**कन्य**
दाम्पत्य जीवनमा मधुरता आउनेछ। व्यापारिक लाभ मिल्ने संकेत छ। नयाँ योजना बनाउन सकिनेछ।

**तुला**
शारीरिक स्वास्थ्यमा समस्या देखिन सक्छ। अनावश्यक विवादबाट टाढा रहनु उपयुक्त हुनेछ।

**वृश्चिक**
प्रेम र दाम्पत्य सम्बन्धमा प्रगाढता आउनेछ। सन्देश वा खबरले खुसी दिनेछ। नयाँ अवसर प्राप्त हुनेछ।

घरपरिवारमा खुसीको माहोल बन्नेछ। रोकिएको कार्य अघि बढ्नेछ। यात्राबाट लाभ मिल्ने संकेत।

**मकर**
व्यवसायमा लाभ होला। पुराना काममा सुधार देखिनेछ। विद्या र सीपमा अभिवृद्धि हुनेछ।

**कुम्भ**
दैनिक जीवनमा उतारचढाव देखिन सक्छ। अनावश्यक चिन्ताले मन खिन्न बनाउनेछ।

**मीन**
आत्मविश्वासले नयाँ दिशा दिनेछ। सम्बन्धहरु बलियो हुनेछन्। कार्यक्षेत्रमा सफलताको संकेत छ।

# विचारहीनताको बाटो हिंडेको ........

क्षमा गर्लान् ? सर्वहारा वर्गको उत्थान र सामाजिक न्यायसहितको समाजवादी व्यवस्थाको भ्रूणलाई निमोठ्ने गद्दारहरूलाई इतिहासले क्षमा गर्ला ? के कम्युनिस्ट पार्टीभित्र फेरि कम्युनिस्ट आन्दोलनलाई पुनर्गठित गर्न सक्ने नेतृत्वको सम्भावना छैन होला र? यिनै प्रश्नहरूको उत्तरमा कम्युनिस्ट पार्टीको भविष्य निर्भर रहनेछ ।

प्रचण्ड, जसले एक समय सामन्तवाद र साम्राज्यवादविरूद्ध जनयुद्धको नेतृत्व गरेका थिए तर सत्ता साझेदार भएपछि व्याख्यात्मक टिप्पणीको नाममा एमसीसी पारित गरेको नेपाली जनताले कहिल्यै बिर्सन सक्दैनन्। केपी ओली, जो आफूलाई मार्क्सवादी र कम्युनिस्ट ठान्दछन् तर उनले नै राष्ट्रिय कलकारखानाहरु बेच्ने नीति पास गर्दछन् । कथित राष्ट्रवादको वकालत गरेको स्वाङ गर्दछन् तर सत्ता टिकाउन नागरिक विधेयक अध्यादेशबाट ल्याउँदछन्, धन्न अदालतले खारेज गरिदियो । समाजवाद र उन्नत समाजको कुरा त गर्दछन् तर भुटानी शरणार्थीका अपराधीहरु, वाइडबडी, यती, ओम्नी, भिजिट भिसाका दोषीहरूलाई संरक्षण गर्न सिङ्गो पार्टी र सरकारको सामर्थ्य लगाउँदछन् । कम्युनिस्ट नेतृत्वको यस्तै दक्षिणपन्थीकरणले कम्युनिस्ट कार्यकर्ताको मनोबल भताभुङ्ग बनायो। देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि असक्षम नेतृत्वको कारण दिनप्रतिदिन कम्युनिस्टहरूको शक्ति तथा क्रान्तिकारीपन क्षीण हुँदै गएको छ ।

### स्थानीय र प्रदेश सरकारहरु दृष्टिकोणविहीन : अवसरको हत्या

वामपन्थी आन्दोलनको तेस्रो र सबैभन्दा दयनीय पक्ष भनेको नै स्थानीय र प्रदेश सरकारहरूको निष्क्रियता हो । संविधानले स्थानीय तहलाई ठूलो अधिकार दिएको छ। किसानलाई मल, बीउ र सिँचाइको व्यवस्था गर्ने अधिकार स्थानीय सरकारसँग छ। विद्यालयको पाठ्यक्रमदेखि स्थानीय बजारको नियमनसम्म स्थानीय सरकारले गर्न सक्दछ। तर, प्रदेश र स्थानीय तहको नेतृत्वमा रहेका वामपन्थी सरकारहरूले के गरे? के उनीहरूले लाल सहर वा सामूहिक खेती प्रणाली, वा सामूहिक उत्पादनको मोडल विकास गरे? स्थानीय स्तरमा शैक्षिक गुणस्तर, ज्ञानमा आधारित अर्थतन्त्र, उत्पादन सम्बन्धको फेरबदल, सर्वहारा र श्रमिक वर्गहरूको लागि नयाँ–नयाँ अवसरहरु केही सिर्जना गर्न सके ? यस्तो केही भएन । न उत्पादन पद्धतिको विकास, न राष्ट्रिय पुँजीको निर्माण, भयो त केवल बकवासपूर्ण भाषण र झुटा आश्वासन र दाबी मात्रै।

उनीहरूले के गरे भने, केन्द्र सरकारकै जस्तो फाइल घुमाउने काम मात्रै गरिरहे। भौतिक पूर्वाधारहरु केही विकास गरेका पालिकामा पनि आम जनताको मन जित्ने भन्दा पनि आफ्नै मानिसहरूलाई बारम्बार ठेक्का दिने जस्ता आरोपहरु उनीहरूमाथि लाग्ने गरेको छ। गाउँपालिका वा नगरपालिका अध्यक्षले कम्युनिस्ट भएर के गरे भन्दा पनि, कांग्रेसी अध्यक्षले जस्तै सडक कालोपत्रे र बत्ती जडान गर्ने काम मात्रै गरिरहेका छन् ।

जब कम्युनिस्ट पार्टीका जनप्रतिनिधिहरु कांग्रेस र राप्रपाका जनप्रतिनिधिभन्दा फरक नभएको जनताले महसुस गरे तब जनताले उनीहरूलाई फाल्न किन पो ढिलाइ गर्थे र? कम्युनिस्टहरूलाई मूलप्रवाहबाट हटाउने प्रक्रियाको सुरूवात नै २०८२ को पराजयको मुख्य कारण हो। स्मरण रहोस्, तीव्र विकासको मार्गमा अगाडि बढिरहेका संसारका धेरै देशहरूको कथा नेपाली जनताहरूले नजिकबाट हेरिरहेको अवस्थामा उखानटुक्का र निकृष्ट भाषणहरूलाई जनताले तिरस्कार गरेका छन् ।

### के कम्युनिस्ट आन्दोलनको पुनर्जन्म सम्भव छ? एउटा क्रान्तिकारी खाका

यदि नेपालमा वास्तविक कम्युनिस्ट पार्टी बनाउने हो र वामपन्थी आन्दोलनलाई पुनर्जीवित गर्ने हो भने, केही ठोस र क्रान्तिकारी कदम चाल्नैपर्दछ, अन्यथा आगामी दिनमा कम्युनिस्ट पार्टीको नाममा केही बाँकी रहनेछैन, रहनेछ त केवल एउटा चुनावी लेबल मात्र।

**१. वैचारिक शुद्धीकरण**

सबैभन्दा पहिले, कम्युनिस्ट पार्टीहरूले वैचारिक शुद्धीकरण गर्नैपर्नेछ । जो नेता वा कार्यकर्ता मार्क्सवाद, लेनिनवाद र माओवाद वा विचारधाराका आधारभूत सिद्धान्त नबुझी, केवल चुनाव जित्नको लागि मात्र पार्टीमा बसेका छन्, उनीहरूलाई जिम्मेवारीबाट हटाउनैपर्नेछ । मार्क्सवाद भनेको जडता होइन यो गतिशील विज्ञान हो। संसारभरि मार्क्सवादको सिर्जनशील तरिका कसरी प्रयोग गरिएको छ ? मार्क्सवादमा आधारित विकास मोडलहरु कसरी विकसित गरिएको छ र लागु गरिएको छ ? विश्वका अन्य कम्युनिस्ट देशहरूले उत्पादन सम्बन्धहरु कसरी विकास गरिरहेका छन् ? नेपालको सन्दर्भमा छरिएर रहेका कम्युनिस्टहरूलाई कसरी एकत्रित गरेर विकासको गति सिर्जना गर्न सकिन्छ जस्ता कुराहरूमा कम्युनिस्ट पार्टीका सदस्यहरु दीक्षित हुने गरी पार्टीभित्र वैचारिक परीक्षा अनिवार्य गर्नुपर्दछ । सबै तहका कमिटीहरूमा सैद्धान्तिक छलफल र पार्टीको सिद्धान्तमा आधारित विकास मोडलको पनि अनिवार्य गर्नुपर्दछ । स्मरण रहोस् विचारविहीन कार्यकर्ता भनेको तोपविहीन सेना जस्तै हो र अहिलेका कम्युनिस्ट पार्टीको मूल समस्या नै यही हो ।

**२. नेतृत्वको चिरफार**

दोस्रो, नेतृत्व तहमा रहेका दक्षिणपन्थी, अवसरवादी र अक्षम नेतृत्वलाई हटाउनैपर्छ। पटक–पटक अवसर पाएका पुराना पुस्ताका नेताहरूले आफ्नो समय गुमाइसके। यस बदलिँदो परिवेशमा अब उनीहरूले कम्युनिस्ट पार्टीको नेतृत्व गर्न सक्दैनन्। आजीवन केन्द्रीय सदस्य र पोलिटब्युरो सदस्य भइरहने र केवल सत्ता र शक्तिको लागि मात्र राजनीति गरिरहने प्रवृत्ति तुरून्त अन्त्य गरिनुपर्दछ । २१औं शताब्दी भनेको ज्ञान, प्रज्ञान र प्रविधिको शताब्दी हो । निश्चित शैक्षिक योग्यता नभएका व्यक्तिहरूले पार्टीको नेतृत्व गर्न सक्दैनन् त्यसकारण अब युवा उमेर समूहका जुझारू, सैद्धान्तिक रूपले प्रतिबद्ध कार्यकर्तालाई नेतृत्वमा ल्याउनुपर्दछ र मार्क्सवादमा आधारित विकासको मोडललाई हाँक्न सक्ने व्यक्तिहरूलाई नै नेतृत्वको अवसर दिनुपर्दछ ।

**३. स्थानीय सरकारलाई क्रान्तिको केन्द्र बनाउने**

तेस्रो, स्थानीय र प्रदेश सरकारहरुलाई क्रान्तिको प्रयोगशाला बनाउनुपर्दछ । कम्युनिस्ट पार्टीको बहुमत रहेका स्थानीय तहहरूले नमुना पालिकाको रूपमा विकास गर्नुपर्दछ । त्यहाँ सामूहिक खेती सुरू गर्नुपर्छ। गरिब, भूमिहीन, मजदुर सबै प्रकारका जनतालाई उत्पादनका स्रोत र साधनको मालिक बनाउने गरी विकासका मोडल तयार गर्नुपर्दछ। कम्युनिस्ट पार्टीका स्थानीय वा प्रदेश सरकारहरु अन्य पार्टीले सञ्चालन गरेका सरकारभन्दा नितान्तै फरक, जनमैत्री, विकासप्रेमी र सिर्जनशील छन् भन्ने कुरा कामबाट प्रमाणित गर्नुपर्दछ । मेलमिलाप केन्द्रहरूलाई प्रवर्द्धन गरेर स्थानीय स्तरमा नै जनतालाई न्यायको अनुभूति गराउनुपर्दछ त्यसको लागि कम्युनिस्ट पार्टीका सदस्यहरु दक्ष र सक्षम हुनैपर्दछ । विद्यालयहरूमा वैज्ञानिक शिक्षा र समाजवादी विचारधारा पढाउनुपर्दछ । समाजवाद, नवउदारवाद, उदारवाद जस्ता विषयहरूमा कम्युनिस्ट पार्टीका सदस्यहरु पोख्त हुनैपर्दछ र जनताले वामपन्थी सरकार भनेको के हो ? नेपाली समाजको आमूल रूपान्तरणको लागि वामपन्थी सरकार किन जरूरी छ भन्ने कुरा जनतालाई प्रत्यक्ष रूपमा देखाउन सक्नुपर्दछ ।

**४. किसान र मजदुरको मुद्दा केन्द्रमा राख्ने**

चौथो, कम्युनिस्ट पार्टीहरूले आफ्नो मूल मतदाता किसान र मजदुरलाई बिर्सनु हुँदैन। पछिल्लो समय वामपन्थी दलहरु मध्यम वर्ग र व्यापारी वर्गलाई खुसी पार्न लागिपरे । भ्रष्टाचारमा चुर्लुम्म डुबेका यादवहरु, भुटानी शरणार्थी काण्डका अपराधीहरु, भिजिट भिसा प्रकरणका अपराधीहरु, विभिन्न मुद्दामा डामिएकाहरु कम्युनिस्ट पार्टीको पोलिटब्युरोसम्म संरक्षित रहे भने हिजोसम्म मण्डले भनेर चिनिएकाहरु नै संसद् र मन्त्रीका लागि योग्य बनाइए । नेतृत्वका यस्ता निकृष्ट कार्यले टोल–टोलमा कम्युनिस्टप्रति घृणा फैलायो । कम्युनिस्ट पार्टी नै कसको हो भन्ने व्यापक दुविधा सिर्जना भयो र यसले जनतामा भ्रम पैदा गर्‍यो। अब किसान, गरिब, मजदुर, सीमान्तकृत र राष्ट्रिय पुँजीपति वर्गलाई केन्द्रबिन्दुमा राखेर नीति कार्यक्रम निर्माण गर्ने ग्यारेन्टी गर्नुपर्दछ । मजदुरलाई न्यूनतम ज्याला र सामाजिक सुरक्षाको प्रत्याभूति दिनुपर्छ। कम्युनिस्ट पार्टीको जग नै श्रमजीवी वर्ग हो, यसलाई बिर्सेपछि कम्युनिस्ट पार्टी केवल एउटा खोल मात्र बन्दछ ।

**५. एकताको नयाँ मोडल**

पाँचौं, वामपन्थी एकताको पुरानो मोडल असफल भइसक्यो। अब, सबै खेमाका कम्युनिस्टहरु भेला भएर एउटा नयाँ एकीकृत क्रान्तिकारी पार्टी बनाउनुपर्छ। यस्तो संकटमा पनि करिब २४ लाख भोट कम्युनिस्ट पार्टीहरूलाई आएको छ, जुन जम्मा खसेको मतको २० प्रतिशतभन्दा बढी हो । यदि सही नेतृत्व र सही नीति तथा कार्यक्रमको मार्गचित्र तयार गरेर जनतामा जाने हो भने आगामी निर्वाचनमा कम्युनिस्ट पार्टीको वर्चस्व कायम हुन सक्ने देखिन्छ त्यसको लागि नेपालको सन्दर्भमा फिट हुने गरी मार्क्सवादको सिर्जनशील तरिकाले प्रयोग गर्न सक्नुपर्दछ । अब कम्युनिस्ट पार्टीको नेतृत्व पुरानो पुस्ताले होइन, नयाँ पुस्ताले गर्नुपर्दछ । त्यो पार्टीको एजेन्डा केन्द्र र दक्षिणपन्थीसँगको गठबन्धन नभई पुँजीवादी व्यवस्थाको अन्त्य र समाजवादको स्थापना गर्ने गरी हुनुपर्दछ ।

**निष्कर्ष : विलय होइन, विजय**

२०८२ को चुनावी पराजयले नेपाली वामपन्थी आन्दोलनलाई ठूलो धक्का दिएको छ। तर, इतिहास साक्षी छ, कम्युनिस्ट आन्दोलन जहिले पनि पराजयबाटै उठेको छ। पराजय नै ठूलो शिक्षक हो। यदि अहिलेका कम्युनिस्ट नेतृत्वले आत्मालोचना गर्दै आफूलाई सच्याउन सकेनन् भने नेपालमा कम्युनिस्ट पार्टीको भविष्य अँध्यारो छ। तर यदि स्थानीय तहदेखि नै क्रान्तिकारी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेर नेतृत्वमा नयाँ र जुझारू पुस्ता ल्याएर, वैचारिक रूपले पार्टीलाई शुद्ध बनाउने हो भने नेपालमा एउटा बलियो, वैचारिक र क्रान्तिकारी कम्युनिस्ट पार्टी बन्न सक्दछ। त्यो दिनको प्रतीक्षामा छ नेपालको श्रमजीवी वर्ग तर के कम्युनिस्ट नेतृत्व त्यसको लागि तयार छ? नयाँ इतिहासको मार्गचित्र कोर्न र नयाँ पुस्तालाई कम्युनिस्ट आन्दोलन हस्तान्तरण गर्न अहिलेको नेतृत्व पुस्ता तयार छ? यदि तयार छ भने नेपालको कम्युनिस्ट आन्दोलन बच्न सक्दछ अन्यथा इतिहासमा सीमित हुनबाट कसैले बचाउन सक्दैन । रातोपाटी

# नेपालकै पहिलो ........

स्थानीय प्रतिनिधि तथा प्राविधिक टोलीको सहभागिता रहेको थियो। छलफलले होमस्टे सर्किट विकासका लागि तीन चरणमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

पहिलो चरण अन्तर्गत चैत्र १४ र १५ गते दुवै पालिकाका प्रमुखहरु, पर्यटन तथा संस्कृतिविद्, पर्यटन व्यवसायी र प्राविधिक टोलीले सर्किट क्षेत्रमा पर्ने गाउँहरूको अध्ययन तथा अवलोकन गर्नेछन्। यस क्रममा प्रत्येक होमस्टे गाउँमा सर्किटसम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट स्थानीय समुदायलाई यस योजनाको उद्देश्य र सम्भावित लाभबारे स्पष्ट जानकारी दिने लक्ष्य राखिएको छ।

त्यसैगरी बन्दीपुर गाउँपालिका र नेपाल पर्यटन बोर्ड पोखराको संयुक्त आयोजनामा आगामी बैशाख १८ र १९ गते बन्दीपुरमा गण्डकी प्रदेशस्तरीय 'गाउँ पर्यटन मार्ट २०८३' आयोजना गरिने भएको छ। उक्त कार्यक्रममा होमस्टे सर्किटलाई विभिन्न सञ्चार माध्यम तथा पर्यटन व्यवसायीमार्फत व्यापक रूपमा प्रचारप्रसार गर्ने योजना बनाइएको छ।

ग्रामीण पर्यटन भ्रमण वर्ष २०२६ लाई लक्षित गर्दै बन्दीपुरले पर्यटन पहुँच विस्तार गर्ने उद्देश्यले गाउँ–गाउँसम्म पुग्ने 'सफारी जीप' सेवा पनि सञ्चालनमा ल्याइसकेको छ। यसले पर्यटकलाई सर्किटभित्रका विभिन्न गाउँहरूमा सहज रूपमा भ्रमण गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको पर्यटनविद् एवं सम्पादा नेपालका अध्यक्ष हरिसिं गुरूङले बताए ।

उनले भने, 'समग्रमा बन्दीपुरले अघि सारेको होमस्टे सर्किट केवल पर्यटन प्रवर्द्धनको कार्यक्रम मात्र नभई ग्रामीण जीवन, संस्कृति र अर्थतन्त्रलाई जोड्ने दीर्घकालीन विकास अवधारणा पनि हो। स्थानीय समुदायको सक्रिय सहभागिता, सरकारी निकायको सहयोग तथा निजी क्षेत्रको सहकार्यबाट यो योजना सफल हुन सकेमा बन्दीपुर मात्र होइन, तनहुँ र समग्र गण्डकी प्रदेशकै ग्रामीण पर्यटन प्रवर्द्धनमा नयाँ सम्भावना खुल्नेछ ।'

तसर्थ बन्दीपुरले परिकल्पना गरेको यस होमस्टे सर्किटलाई विश्वसामु प्रस्तुत गर्न योग्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय समुदाय, नागरिक समाज, पर्यटन व्यवसायी र सरोकारवाला निकायबीच समन्वय, सहकार्य र सहयोग अपरिहार्य रहेको उनलेबताए। उनले भने, 'यदि सबै पक्षको सक्रिय साथ र सहयोग प्राप्त भयो भने बन्दीपुरको यो पहल भविष्यमा नेपालकै ग्रामीण पर्यटन विकासको नमूना बन्ने सम्भावना प्रबल देखिन्छ।'

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ ।

स्वस्थ शारीरिक तौल कायम गरौं

चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं

शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल

## व्यास नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | भिम माया गर्जा मगर थापा, धनमाया थापा व्यास ०१ | कर्लुङ ६/ञ, कि.नं. ६४५, ७७०, ७७३, क्षेत्रफल ०-४-१-३ | २०८२/१२/०२ | लोडवेरिङ्ग | पूर्व तर्फ : ठाकुर प्रसाद पन्थ |

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

चैत ०६ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

चैत्र ०७ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**लोचेडाँडामा च्याउ खेतीको सफलता** : तनहुँको ऋषिङ्ग गाउँपालिका–५ लोचेडाँडामा महिला समूहद्वारा उत्पादित च्याउ खेती । यो च्याउ खेतीको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ सहितको टोलीले स्थलगत अनुगमन गरेका छन् । लघु उद्यम शाखाको प्राविधिक सहयोगमा सुरु गरिएको यो व्यवसायले स्थानीय महिलाहरूको आयआर्जनमा टेवा पुग्ने विश्वास लिएका छ । *तस्विर : भञ्ज्याङ*

# पोखरामा पाँच वर्षपछि खुला प्याराग्लाइडिङ च्याम्पियनसिप हुँदै

भञ्ज्याङ समाचारदाता/कास्की

देशको पर्यटकीय राजधानी पोखरामा यही चैत ५ देखि ७ गतेसम्म २१औँ संस्करणको 'नेपाल खुला प्याराग्लाइडिङ च्याम्पियनसिप' हुने भएको छ । नेपाल हवाई खेलकुद संस्थाको आयोजनामा 'एक्युरेसी' विधामा हुने प्रतियोगितामा हालसम्म स्वदेशी तथा विदेशी गरी ९० खेलाडीले नाम दर्ता गराएको आज आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक सुनिलबहादुर भट्टराईले जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागी खेलाडी पोखराको सराङ्कोटबाट उडान भरेर फेवाताल किनार खपौँदीमा अवतरण गर्नेछन् । कोभिड–१९ महामारी र नेपाल नागरिक उड्डयन प्राधिकरणले विसं २०७८ मा देशभर 'सोलो' उडानमा रोक लगाएका कारण २०औँ संस्करणसम्म भएको च्याम्पियनसिप स्थगित भएको थियो।

पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका दौरान प्याराग्लाइडिङका खेलाडी निशिम थापाको दुर्घटनामा निधन भएपछि प्राधिकरणले सोलो उडान रोक लगाएपछि प्रतियोगिता स्थगित भएको संयोजक भट्टराईले बताउनुभयो। नेपालले १८औँ एसियाली खेलकुदमा प्याराग्लाइडिङमा रजत पदक जित्न सफल भएको थियो ।

नेपाल च्याम्पियनसिपको निरन्तरताका कारणले नै देशले खेलकुदमा सो उपलब्धि हासिल गरेको र प्रतियोगिताले मनोरञ्जनात्मक एवं साहसिक हवाई खेलकुदको माध्यमबाट नेपालको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको नेपाल हवाई खेलकुद संस्थाका




अध्यक्ष अनिल केसीले बताउनुभयो

"खेलको माध्यमबाट पर्यटन क्षेत्रको विकास गर्दै राज्यको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा नेपाली प्याराग्लाइडिङ खेलाडीहरूको क्षमता अभिवृद्धि गर्नु प्रतियोगिताको प्रमुख उद्देश्य हो", उहाँले भन्नुभयो, "अहिलेको विषम अवस्थामा देशको पर्यटन क्षेत्रलाई यस प्रतियोगिताले केही हदसम्म भए पनि माथि उठाउन सक्ने विश्वास लिएका छौँ ।"

च्याम्पियनसिपबाट छनोट भएका खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्याराग्लाइडिङ प्रतियोगिताहरूमा भाग लिन सक्नेछन्। यसैगरी यस खेलबाट आसन्न १०औँ राष्ट्रिय खेलकुदका लागि प्याराग्लाइडिङ विधाका गण्डकी प्रदेशस्तरीय खेलाडीसमेत छनोट गरिने अध्यक्ष केसीले बताउनुभयो।

च्याम्पियनसिपमा पुरूषतर्फको एक्युरेसी विधामा च्याम्पियन हुनेले रू एक लाख ५० हजार मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । त्यसैगरी द्वितीय हुनेले रू एक लाख र तृतीय हुनेले रू ५० हजार पुरस्कार पाउनेछन् । महिलातर्फ च्याम्पियनले रू ७५ हजार, द्वितीयले रू ५० हजार र तृतीयले रू २५ हजार पुरस्कार पाउनेछन् ।

त्यसैगरी, टिम ओभरअल विधामा पहिलो हुनेले रू ७५ हजार, द्वितीयले रू ५० हजार र तृतीयले रू २५ हजार पुरस्कार पाउने नाका महासचिव बलराम आचार्यले जानकारी दिनुभयो। च्याम्पियनसिपमा मौसमको अवस्था महत्त्वपूर्ण हुने भएकाले उडान अघि आधिकारिक मौसम पूर्वानुमान अध्ययन गरेर मात्र खेल सञ्चालन हुने आयोजकले जनाएको छ ।

खेलाडीहरूलाई हावाको दिशा, तापक्रम, थर्मल गतिविधि तथा सम्भावित जोखिमबारे जानकारीसहितको ब्रिफिङ गरिने र कार्यक्रमस्थलमा आवश्यक मात्रामा स्वयंसेवक, आकस्मिक उद्धार टोली सशस्त्र प्रहरी बल र नेपाली सेना मोटरबोटसहित आवश्यक उद्धार उपकरणसहित तैनाथ गरिने अध्यक्ष केसीले जानकारी दिनुभयो ।

## facebook twitter



**Sunil Paudel**
x.com/mama_shr33

वास्तविक जेनजी भाइबैनीहरु मिराज, रक्षा, तनुजाहरु गालीका शिकार भए । न उनीहरु चुनावमा लडे न कुनै पद चाहियो। आन्दोलनमा पानी बाँड्नेहरु सांसद, मन्त्री हुनेभए, भड्काउने उक्साउनेहारु प्रधानमन्त्री। जेका विरूद्ध जेनजी आन्दोलन भयो, अहिले त्यही दोहोरिँदैछ। जेनजीको रगतमा चिट्ठा परेर मन्त्री हुनेहरु आफैँ घण्टी बजाउन गए, प्रधानमन्त्री भागबण्डाको खेलामा। देशमा साँच्चैको जेनजी आन्दोलन भएन। के भयो के भयो ।



**Sunil Paudel**
x.com/mama_shr33

पूर्वप्रधानन्यायशिध चोलेन्द्रशमशेरले ओमप्रकाश अर्यालले आफ्नो श्रीमतिलाई न्यायधिश बनाउन भन्दा नबनाएपछि खेदो खन्न लागेको सार्वजनिकरूपमै बताएका थिए । मलाई पत्यार लागेको थिएन । तर, हिजो आफूलाई राष्ट्रियसभामा गरिएको नियुक्ति गरेको समाचार आफैँले लाज पचाएर पढेको हाउभाउ देख्दा राणाको कुरा सही भएको अनुमानमा पुगेँ । योग्यताकै कुरा गर्ने हो भने विपिन अधिकारीलाई बनाए हुन्थ्यो । गजब समावेशी बनाउने हो भने मोहना अन्सारी वा शंकर लिम्बुलाई बनाए हुन्थ्यो । अझ मानेका थिए भने भिमार्जुन आचार्यलाई बनाए हुन्थ्यो ।



**बाबाजी**
x.com/baabajee

रास्वपाका १० जनाजति नेताले प्रधानमन्त्रीमा बालेनको नाममा कुनै आपत्ति र असहमति छैन भनेर बारम्बार स्पष्टीकरण दिइरहनुले केही खिचडी पाकिराछ भन्ने संकेत चैं दिइरहेको छ है ! नत्र सहमति भैसक्या बिषयमा केको गनगन, केको कचकच? कैले पिएम नै लेखेर इमेल आइडी बनाछ, फेरि अपडेट गरेको छ, लास्टै मिडिया अटेन्सन चाहिने रोग पो हो कि रास्वपा ग्याङलाई !
दुई तिहाईको अटेन्सनले नपुगेर फेरि केका लागि यत्रो नौटंकी ?

# पृथ्वी राजमार्गमा 'ओभर लोड' बोक्ने सवारी चालक धमाधम कारबाहीमा

रासस/मलेखु

पृथ्वी राजमार्गमा पछिल्लो समय सवारी अनुशासन कायम गराउन र सडक दुर्घटना न्यूनीकरण गर्न प्रहरीले विशेष सक्रियता देखाएको छ । विशेषगरी क्षमताभन्दा बढी र असुरक्षित तवरले सामान ढुवानी गर्ने अर्थात् 'ओभर लोड' बोकेका सवारीसाधनका कारण जोखिम बढेपछि जिल्ला ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा कडाइ गरेको हो ।

गजुरी क्षेत्रबाट मात्र दैनिक २० भन्दा बढी सवारी चालक कारबाहीमा पर्ने गरेका छन् । सोमबार बिहान गजुरी गाउँपालिकास्थित घाटबैँसी नजिकै भएको सवारी जाँचमा नियमविपरीत ओभर लोड बोक्ने १५ भन्दा धेरै सवारी चालकलाई जरिवाना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिशिर थापाले जानकारी दिनुभयो।

थापाका अनुसार सवारीको अवस्था ठिक नभएका, नम्बर प्लेट छोपिने गरी सामान लोड गरेका र असुरक्षित रूपमा सामान बोकेका सवारी चालकलाई कारबाहीको दायरामा ल्याइएको हो । यातायात व्यवस्था ऐनअनुसार तोकिएको भन्दा बढी भार बोक्न वा सवारीको 'बडी'भन्दा बाहिर सामान निकाल्न पाइँदैन । यस्तो कसुर गर्ने सवारीलाई ट्राफिक प्रहरीले घटनास्थलमै जरिवाना गर्न सक्ने प्रावधान छ। पटकपटक गल्ती दोहोर्याएमा चालकको अनुमतिपत्र नै निलम्बनसम्मको गर्न सकिने व्यवस्था छ ।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४